# नाम्खा गाउँपालिकाको
# भू उपयोग योजना तथा
# भू उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि तयार गरिएको मापदण्ड २०८०

मिति २०८०।०३।३

१३ औ कार्यपालिका बैठकबाट स्वीकृत

**प्रमाणिकरण गर्ने**

श्री प्रेम वहादुर लामा

(अध्यक्ष)

दस्तखत

**प्रेम बहादुर लामा**
**अध्यक्ष**

कार्यपालिका बैठकमा पेश भएको मिति २०८०।०३।०९

कार्यपालिका बैठक़मा स्वीकृत भएको मिति २०८०।०३।०९

प्रमाणिकरण भएको मिति २०८०।३।२०

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यांल्वाङ हुम्ला
कर्णाली प्रदेश
नेपाल

## नाम्खा गाउँपालिकाको भूउपयोग योजना तथा भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि तयार गरिएको मापदण्ड, २०८०

**प्रस्तावनाः**

भूमिको द्वध स्वामित्वको अन्त्य, जगाको हक सम्बन्धी व्यवस्थापन, भुमिको क्षमता तथा उपयुक्तता र उपयोगिता, भूमिको मौजुदा उपयोग र आवश्यकताका आधारमा भूमिको जोखिम, जटिल प्राकृतिक बनोट समेतलाई व्यवस्थित गराई भू-उपयोगमा अव्यवस्थित खण्डिकरण रोकथाम र सुदृढिकरण, आधुनिकीकरण गर्दै जान वाञ्छनिय भएकोले प्रशासकिय नियमित गर्ने ऐन, २०७५ को दफा ४ (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम साथै, भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार यस गाँउपालिकाको क्षेत्राअधिकार भित्रको जग्गालाई भू-उपयोग क्षेत्र बर्गीकरण गर्ने प्रयोजनको लागि भूउपयोग ऐन २०७६ को दफा ५ को उपदफा ४ बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्याबधिक गर्न र जग्गा कित्ताकाट प्रक्रियालाई नियमित गर्नको निम्ति मिति २०८०/०२/२४ गते बसेको नाम्खा गाँउपालिकाको कार्यपालिका एवं स्थानिय भू-उपयोग परिषद्को बैठकबाट यो **भूउपयोग योजना तथा भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि तयार गरिएको मापदण्ड,** २०८० जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यस मापदण्डको नाम **"नाम्खा गाउँपालिकाको भूउपयोग योजना तथा भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि तयार गरिएको मापदण्ड, २०८०"** रहेको छ।

ख) यो मापदण्ड भू-उपयोग परिषद् बाट सिफारिस भई गाउँ कार्यपालिकाको कार्यालयको बैठकबाट स्वीकृत भएको मितिबाट नाम्खा गाउँपालिकाको क्षेत्र भित्र तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः–**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "ऐन" भन्नाले भू–उपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ।

ख) "नियमावली" भन्नाले भू–उपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ।

ग) "गाउँपालिका" भन्नाले नाम्खा गाउँपालिकालाई सम्झनुपर्दछ।

घ) "कार्यपालिका" भन्नाले नाम्खा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ।

ङ) "आवासीय क्षेत्र" भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ र यसका साथै निकट भबिष्यमा सम्भाबित आवासिय क्षेत्र हुनसक्ने क्षेत्रलाई समेत जनाँउदछ।

च) "औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि



प्रेम बहादुर लामा
अध्यक्ष

छुट्याएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ ।

छ) "कृषि क्षेत्र" भन्नाले कृषि वाली उत्पादन, फलफुल र तरकारी उत्पादन, पशु-पन्छी पालन, फार्म हाउस, मत्स्य पालन, माहुरी पालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, बागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

ज) "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ञ) "भू–उपयोग" भन्नाले भूमिको प्रयोग, उपभोग एवम सदुपयोग गर्ने कार्य सम्झनु पर्छ ।

ट) "भू–उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

ठ) "भू–उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू– उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ ।

ड) "भू–उपयोग योजना" भन्नाले भू–उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ ।

ढ) "भूमि" भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमा सम्मको भाग सम्झनु पर्छ ।

ण) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ ।

त) "व्यावसायिक क्षेत्र" भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको आयआर्जनका गतिविधि हुने क्षेत्रलाई समेत जनाउँछ।

थ) "सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ ।

द) "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिँचाई कूलो वा नहर, इनार, कूवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, प्रतिक्षालय, सार्वजनिक सौचालय, पर्यटकिय क्षेत्रहरू, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै



प्रेम बहादुर लामा
अध्यक्ष

निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

ध) "मापदण्ड" भन्नाले नाम्खा गाउँकार्यपालिकाको कार्यालय, नाम्खा गाउँपालिका, याल्वाङ हुम्लाबाट स्वीकृत मापदण्डलाई जनाउने छ ।

न) "अनुगमन समीति" भन्नाले यसै मापदण्ड अनुसार गठन गरिएको अनुगमन समीतिलाई जनाउने छ ।

**३. भूउपयोग योजाना र भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डका आधारहरू:-**

क) विध्यमान भू- उपयोगको अबस्था,

ख) नापी विभागले पठाएको भू–उपयोग क्षेत्र नक्सा र अन्य तथ्याङ्क,

ग) सडक , बाटोको पहुच र सो को वर्गीकरण,

घ) कृषि उत्पादन र उत्पादकत्वको अबस्था,

ङ) वातावरण तथा बिपद संवेदनशीलता ,

च) भू-उपयोग ऐन २०७६,

छ) भू- उपयोग नियमावली २०७९ ,

ज) सामाजिक तथा आर्थिक पूर्वाधारको वितरण,

झ) सहरी बिकास योजना / आयोजना,

ञ) Google Satellite Images,

ट) GIS Analysis,

ठ) वडावाट आएको राय-सुझाव र निर्णयहरु,

ड) विभिन्न क्षेत्रका विज्ञहरु र सर्वदलीय , सर्वपक्षीय भेलाबाट प्राप्त राय सुझाव ।

**४. भूउपयोग योजाना र भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरुः-**

१) हाल उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी बिभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने ।

२) जोखिम लगायत अन्य संवेदनशील तथा मध्यवर्ती क्षेत्रको जग्गालाई नापी बिभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने ।

३) साविक बमोजिमका सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा, खुल्ला क्षेत्र ,पार्कहरु समेत(सेवा प्रदान गर्ने सरकारी कार्यालय बाहेक)लाई सार्बजनिक क्षेत्रमा बर्गिकरण गर्ने र सो को समुचित संरक्षणको नीति लिने ।

४) यस अघि नापी विभागबाट आवासीय, व्यवसायिक र औधोगिक क्षेत्रमा बिभाजन भएको जग्गालाई सोही वर्गीकरण गर्ने, तर नाम्खा गाउँपालिकाको गुरुयोजना बमोजिम आवश्यकता र उपयुक्तता देखिएमा क्षेत्र परिवर्तन गर्न सक्ने ।

प्रेम बहादुर लामा
अध्यक्ष

५) हाल उपयोगमा रहेको नदीनाला, ताल, तलैया, पोखरी लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने र सम्भावित जोखिमयुक्त क्षेत्र तथा नदी वा खोला क्षेत्रमा बसोबास तथा आवास क्षेत्र बनाउन र बस्न निषेध गर्ने ।

६) हाल उपयोगमा रहेका मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको जग्गा, परापूर्वकालमा देखिएका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने ।

७) गाउँपालिका क्षेत्रमा नेपाल सरकार, उधोग मन्त्रालयबाट स्वीकृत औधोगिक क्षेत्र, औधोगिक ग्राम सञ्चालन सम्बन्धि कार्यबिधि, २०७५ बमोजिम कम्तिमा एक वटा औधोगिक क्षेत्र, औधोगिक ग्राम निर्धारण गर्ने र स्वीकृति लिएर औधोगिक क्रियाकलापमा प्रयोग भइरहेका जग्गालाई समेत औधोगिक क्षेत्रमा वर्गीकरण गर्ने ।

८) हाल कायम सबै किसिमका वन पैदावर क्षेत्र (निजी जग्गामा भएका बाहेक) लाई वन क्षेत्रमा वर्गीकरण गर्ने ।

९) हाल चलन चल्तीमा उपयोग भइरहेको पसल, बैंक तथा वित्तीय संस्था, होटल, रेष्टुरा, हाटबजार लाग्ने स्थल, चमेना गृह, खाजा तथा फास्टफुड घर,व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी तथा निजी जग्गा, निजी क्षेत्रबाट संञ्चालित अस्पताल, विद्यालय, क्याम्पस, नर्सिङ होम, पोलिक्लिनिक, रेडियो तथा टेलिभिजन ब्रोडकास्टिङ्ग संस्था, इन्टरनेट सेवा प्रदायक संस्था लाई व्यवसायिक क्षेत्रमा बर्गीकरण गर्ने ।

१०) स्थानिय तहबाट स्वीकृती प्राप्त गरी खानी खनिज जन्य पदार्थहरु जस्तै ढुङ्गा, गिटी, बालुवा, गेरू, खरी ढुङ्गा, स्लेट, घर रङगरोगन तथा व्यावसायिक प्रयोजानमा आउने माटो उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा बर्गीकरण गर्ने ।

११) हरेक वडाहरुमा छरिएर रहेका घरहरूलाइ Suitability Analysis गरि एकिकृत गर्ने र सम्पुर्ण सेवासुविधा पुराई नमुना वस्ती बिस्तार गर्ने र पर्यटकिय केन्द्र र होमस्टेको रुपमा अघि बढाउने र बाकी क्षेत्रमा ठुलो मात्रामा फलफुल , दुध तथा अन्य कृषि उत्पादनमा जोड गरी कृषि र पशुपालन पकेट क्षेत्र कायम गरिने छ ।

१२) मोटर बाटोको पहुच बिस्तार, पद मार्गको पाहिचान र त्यसको उचित व्यबस्थापन गरि पर्यटन प्रवधन पालिकाको प्राथमिकतामा रहने छ ।

१३) वन फडानिको रोकथाम र जलवायु परिवर्तन सम्वन्धि जनचेतना जगाउनको निम्ति उचित पहल तथा कार्यक्रम चालाएइने छ ।

१४) सिमा सुरक्षाको लागि सिमा क्षेत्रमा हिमालि नमुना सहर निर्माण तथा पार्यट्किय क्षेत्रको बिकास गरिने छ र त्सको लागी स्थानिय र प्रहरी प्रशासनको सहयोग लिइने छ ।

१५) अब उपरान्त यस नाम्खा गाउँपालिका क्षेत्रको जग्गा कित्ताकाट गर्दा भू-उपयोग नियमावली २०७९ को दफा १२ मा उल्लेख भए बमोजिम कृषिको लागि न्यूनतम १०००.०० वर्ग मीटर र आवासिय र व्यवसायिक क्षेत्र को हकमा न्यूनतम १३०.०० वर्ग मीटर नघट्ने गरी कित्ताकाट गर्न सकिने छ र घडेरीको हकमा कम्तिमा ६ मीटर चौडाई बाटो कायम हुने गरी लगतकट्टा गर्नु पर्ने छ, घर निर्माण गर्दा सडकको चौडाई अनुसार कम्तिमा २ देखि ६ मीटर सम्म सेटब्याक जग्गा छाड्नु पर्ने छ ।



प्रेम बहादुर लामा
अध्यक्ष

१६) जग्गाको मूल्य निर्धारण गर्दा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिईनेछ साथै कृषि तथा पशुजन्य उत्पादन क्षेत्रमा नाम्खा गाउँपालिकाबाट दिईने सेवा सुविधाको दायरा बढाईनेछ ।

१७) कृषि / गैरकृषि क्षेत्र व्यक्तिको जग्गाधनी दर्ता प्रमाण पूर्जामा प्रविष्ट कित्ता नापीमा आधारीत गर्नु पर्ने भएकोले zoning मार्जिनमा परेको जुन कित्ता पुरा क्षेत्रफलको ५० % भन्दा माथि परेको हुन्छ सोहि बमोजिम क्षेत्र कायम गरिनेछ ।

१८) माथि उल्लेखित मापदण्डको अलवा नाम्खा गाउँपालिका भित्रका वडा अन्तरगत रहेको भूमिलाई देहाएबमोजिम क्षेत्रमा वर्गीकरण गर्ने ।

| वडा नं. | सि.नं. | जग्गाको वर्गीकरण | विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | १ | कृषि क्षेत्र | बर्गीकरण गरेर बचेका सम्पुर्ण खेति योग्य ब्यक्तिगत जमिन | |
| | २ | आवासीय क्षेत्र | १. हेप्का गाँउको वडा कार्यालय देखी पुर्वी छ्युकलुङ्बा खोला सम्म दाँया १२० मिटर र बाँया ६० मिटर सम्म।<br>२. लेख हेप्का गाउँ, धिङ्गा गाँउ, गाडापारि, औल ताङ्गिन, सपतुङ, छ्युफार्का, पालामो, लिसिङ, किलिङ्थाङ गाँउको पुरानो घर भएको सम्पुर्ण ब्यक्तिगत जग्गाहरु। | |
| | ३ | व्यवसायीक क्षेत्र | १. हेप्का साँगु देखि वडा कार्यालय सम्म सडकको दाँया-बाँया २० मिटर सम्म।<br>२. लेख धिङ्गाको तुंबु ल देखी धिङ्गा सम्म बाटोको दाँया तर्फ ३० मिटर सम्म।<br>३. ताकुर खोला देखी चन्खेरी सम्म बाटोको दाँया-बाँया ४० मिटर सम्म।<br>४. धिङ्गा गाँउ जाने बाटोको दाँया-बाँया २० मिटर सम्म । | |
| | ४ | औद्योगिक क्षेत्र | लेख धिङ्गाको तुंबु ल क्षेत्र | |
| | ५ | खानी तथा खनिज क्षेत्र | ढुङ्गा खानी (स्लेट), नौलो वन ताङगीन/ राचेन | |
| | ६ | वन क्षेत्र | १. साङमा सामुदायिक वन, गाडापारी र धिङ्गा<br>२. रुगा कबुलियती वन, ताङ्गीन<br>३. लागोङ कबुलियती वन, ताङ्गीन | |
| | ७ | नदी,खोला,ताल, सीमसार क्षेत्र | १. हेप्का खोला<br>२. ताकुर खोला<br>३. छुरकु ताल<br>४. छो रिन्जीन लामु ताल<br>५. छो ब्रो ताल<br>६. छो नकतीङ ताल<br>७. छो यूक ताल<br>८. छो सीकजार्म ताल<br>९. छो क्यालकीले ताल | |



प्रेम बहादुर लामा
अध्यक्ष

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याल्बाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | | १०. छोक्का ताल<br>११. नौछरे झरना | |
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | **विधालयहरुः-**<br>१. श्री बुद्ध आधारभुत विद्यालय, हेप्का<br>२. श्री नम्डुक छोमु प्रा.वि., ताङगिन<br>३. श्री नम बुद्ध प्रा.वि., गाडापारी<br>४. श्री नाम्खा ख्युङजोङ प्रा.वि., धिङगा<br>५. घुम्ति विधालय, लेख धिङगा<br>**खेलकुद मैदानहरुः-**<br>१. लेख धिङगा खेल मैदान<br>**बाटोहरुः**<br>१. हेप्का पुल देखि हेप्का गाउँसम्म मोटर बाटो।<br>२. हेप्का गाउँ देखि ताङगिन गाउँसम्म गोरेटो बाटो।<br>३. हेप्का पुल देखि लेख धिङगा सेजी लेख हुदै न्यालु लेखसम्म मोटर बाटो।<br>४. हेप्का गाउँ देखि लेख धिङ्गा सम्म गोरेटो बाटो।<br>५. हेप्का गाउँ देखि कवे सम्म गोरेटो बाटो।<br>६. लेख धिङ्गा देखि ताङ्गीन गाँउ सम्म गोरेटो बाटो।<br>७. ताखुर खोला देखि राचेन, लैचुङ, छुर्कु हुदै ताङ्गीन गाँउ सम्म पर्यटकिय पदमार्ग।<br>८. गाडापारी देखि पन्थली हुदै लेख धिङ्गा सम्म गोरेटो बाटो।<br>९. गाडापारी देखि ठोताङ हुदै ताखुर खोला सम्म गोरेटो बाटो।<br>१०. धिङ्गा देखि लिसिङ् हुदै लेख धिङ्गा सम्म गोरेटो बाटो।<br>११. ताङ्गीन गाँउ देखि रिसार्बा वन हुदै चाङ्ला हिमाल सम्म पर्यटकिय पद मार्ग।<br>१२. ताङ्गीन गाँउ बाट खर्क , छुर्कु ताल, हुदै लिमी सम्मको पर्यटकिय पद मार्ग।<br>१३. ताङ्गीन गाँउ देखि पुँरुखा हुदै तुकलाई सम्म गोरेटो बाटो।<br>१४. हेप्का बाट ताङ्गीन हुदै लडे दह, पन्चमुखी सम्म पर्यटकिय पद मार्ग।<br>**अन्य क्षेत्रहरूः**<br>१. स्वास्थ्य इकाइ, ताङगिन<br>२. स्वास्थ्य चौकी, हेप्का<br>३. बसपार्क क्षेत्र, लेख धिङ्गा<br>४. समुदायिक भवनहरू, (धिङ्गा, लेख धिङ्गा,ताङ्गिन, हेप्का, गाडापारी)<br>५. हेप्का खोला लघु-जलबिधुत्त आयोजना<br>६. जुनीतुङ्सा लघु-जलबिधुत्त आयोजना<br>७. गाडापारी साना-जलबिधुत्त आयोजना | |



प्रेम बहादुर लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | **गुम्बा तथा मन्दिरहरुः-**<br>१. नम्डुक गुम्बा, ताङ्गिन गाउँ<br>२. पेम छोइकोरलिङ गुम्बा, हेप्का<br>३. टाकरा गुम्बा, हेप्का<br>४. फाक्पा च्याराजी, हेप्का<br>५. पाल्ग ल्हामो गुम्बा, गाडापारी<br>६. लामा स्यपच्यू, हेप्का<br>७. आनी गुम्बा, ताङ्गिन<br>८. उर्गेन छोइफेल ढडुल गुम्बा, धिङगा<br>९. साङ्गाग डुपलिङ छोइफेल गुम्बा, ताङगीन | |
| | १० | नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन | |
| | १ | कृषि क्षेत्र | बर्गीकरण गरेर बचेका सम्पुर्ण खेति योग्य ब्यक्तिगत जमीन | |
| | २ | आवासीय क्षेत्र | १. छुरा कोक्पु देखि छुका जरोङ सम्म गोरेटो बाटो दाँया बाँया ६० मिटर<br>२. टाँदौउ बस्तीको गोरेटो बाटोको दाँया बाँया २० मिटर<br>३. फार्का गाँउ देखि खाम्गोइ तार्का सम्म दाँया बाँया ४० मिटर | |
| २ | ३ | व्यवसायीक क्षेत्र | १. सिरुक डाँडा देखि लाइचेन डाँडा सम्म सिमकोट हिल्सा सडकको दाँया बाँया ५० मिटर<br>२. छ्यारछुइलुङ देखि डाल्सु डाँडा सम्म सिमकोट हिल्सा सडकको दाँया बाँया ३० मिटर<br>३. लाप्चाइ डाँडा देखि टाक्गेउ डाँडा सम्म सिमकोट हिल्सा सडकको दाँया बाँया ५०मिटर<br>४. आसि काट्न देखि सल्ली डाँडा सम्म सिमकोट हिल्सा सडकको दाँया बाँया ५० मिटर<br>५. चङखेरी देखी च्याछारा झरना सम्म सम्म सिमकोट हिल्सा सडकको दाँया बाँया ५० मिटर | |
| | ४ | औद्योगिक क्षेत्र | लैसिङ चैर क्षेत्र | |
| | ५ | खानी तथा खनिज क्षेत्र | १. कर्णाली नदी र अन्य खोलाको बगर क्षेत्रहरू<br>२. तातोपानी क्षेत्र | |
| | ६ | वन क्षेत्र | १. सल्ली खोला सामुदायिक वन<br>२. ताक ताक सामुदियक वन | |
| | ७ | नदी,खोला,ताल, सीमसार क्षेत्र | १. हुम्ला कर्णाली नदि<br>२. छुरालुङवा खोला<br>३. सल्ली खोला<br>४. बौलापानी खोला | |



प्रेम बहादुर लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | ५. लसी लुङबा खोला<br>६. छुरा लुङबा खोला<br>ताल:<br>१. सेलीमा ताल<br>२. छोङ्सा ताल<br>३. काँजा ताल<br>४. जोङ्फु ताल<br>५. तर्चि ताल<br>६. थैफु ताल<br>७. छो टुप्सी ताल<br>८. ख्युकार्फु ताल<br>९. छो स्याप्चे ताल<br>१०. छुङ्गार छो<br>११. छोचुङ् ताल<br>१२. सोल ताल<br>१३. हिम ताल<br>१४. छो थोन्बो ताल<br>१५. उइ छो ताल | |
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | **बाटो:**<br>१. सल्लि खोला बाट नावाल्थाङ, पिनदोल, हुदै तर्जिफु सम्म पदमार्ग।<br>२. डाँडा केर्मी बाट केर्मी गाँउ सम्म मोटर बाटो।<br>**विद्यालयहरु:-**<br>१. श्री तातोपानी आ.वि., केर्मी<br>२. श्री च्याछारा प्रा वि, च्यादुक<br>**अन्य क्षेत्रहरू:**<br>१. सामुदायिक स्वास्थ्य एकाई, केर्मी<br>२. २ नं. वडा कार्यालय, केर्मी<br>३. सामुदायिक भवन, केर्मी र च्यादुक | |
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | **गुम्बा ताथा मन्दिरहरू:-**<br>१. लाइक्योक गुम्बा , केर्मी<br>२. कुन्साङ छोइलिङ गुम्बा, केर्मी<br>३. च्यादुक गुम्बा , च्यादुक | |
| | १० | नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन | |



प्रेम बहादुर लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | १ | कृषि क्षेत्र | बर्गीकरण गरेर बचेका सम्पूर्ण खेतियोग्य व्यक्तिगत जमिन | |
| | २ | आवासीय क्षेत्र | १. कानी देखि जुला जाने बाटो सम्म खगालगाउँको गोरेटो बाटोको दाँया बाँया ७५ मिटर सम्म<br>२. चोटा देखि सुकपा सम्म गुम्बागाउँको गोरेटो बाटोको दाँया बाँया ४० मिटर<br>३. क्योक क्योक देखि काहानी गेट सम्म लामा खोल्छीगाउँको गोरेटो बाटो दाँया बाँया ६० मिटर | |
| | ३ | व्यवसायीक क्षेत्र | रानी सैना भ्याली व्यवसायिक क्षेत्र | |
| | ४ | औद्योगिक क्षेत्र | थाङ्युङ औधोगिक क्षेत्र | |
| | ५ | खानी तथा खनिज क्षेत्र | १. कर्णाली नदि र अन्य खोलाको वगर क्षेत्रहरू | |
| | ६ | वन क्षेत्र | १. गाङमुक्षे कवुलियती वन<br>२. छिल्छिले कवुलियती वन<br>३. पाताल रिमो कवुलियती वन<br>४. कप्कार्वो कवुलियती वन | |
| ३ | ७ | नदी,खोला,ताल, सीमसार क्षेत्र | १. छोईला ताल<br>२. होछो ताल (दुदे दह)<br>३. दौँले ताल<br>४. रानी सैना ताल<br>५. छोपुछेन ताल<br>६. छोइनाङमु ताल<br>७. छोकार्मु ताल<br>८. खनी ताल<br>९. कर्णाली नदी<br>१०. छुपुङ्गा खोला<br>११. किजोम छुईरहा खोला<br>१२. टउकेरे खोला<br>१३. छुपुगाङ लघु जलविधुत उर्जा घर | |
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | **बाटो:**<br>१. खगालगाउँ पुलदेखि खगालगाउँ हुदै सैपाल हिमाल जाने पर्यटक पदमार्ग।<br>२. खगालगाँउ पुल देखि लामा खोल्सी हुदै साँखेलाग्ना सम्म मोटर बाटो।<br>३. खगाल गाँउ पुल देखि खगाल गाँउ सम्म मोटर बाटो।<br>४. छोइला देखी टाकेतुन हुदै चाला-सैपाल जाने पदमार्ग।<br>५. खगालगाँउ देखि लामा खोल्सी सम्म मोटर बाटो।<br><br>**विद्यालयहरु:-** | |



प्रेम बहादुर लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | १. श्री मोतिराम आ. वि. (खगालगाउँ)<br>२. श्री सत्य आ. वि. (लामाखोल्छीगाउँ)<br>**अन्य क्षेत्रहरू:-**<br>१. झुला (उर्गेन गासालिङ)<br>२. स्वास्थ्या चौकी (खगालगाउँ)<br>३. ३ नं. वडा कार्यालय (खगालगाउँ)<br>४. समुदायिक भवान ( खगालगाउँ)<br>५. समुदायिक भवान, लामाखोल्छी | |
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | **गुम्बा ताथा मन्दिरहरू:-**<br>१. मानी लाखाङ गुम्बा, खगालगाउँ<br>२. गुरू लाखाङ गुम्बा, गुम्बागाउँ<br>३. कुन्साङ छोईलिङ गुम्बा, लामाखोल्छीगाउँ<br>४. उर्केन गासालिङ गुम्बा, खगालगाउँ<br>५. कानि स्तुपा, खगालगाउँ | |
| | १० | नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन | |
| | १ | कृषि क्षेत्र | बर्गीकरण गरेर बचेका सम्पूर्ण खेतियोग्य व्यक्तिगत जमिन<br>१. ईलिङ (पुर्वमा ईलिङ खोला,उत्तरमा टाकजाले,पश्चिममा डेजाङ्,दक्षिणमा खेमालुङबा)<br>२. पुँयाको जग्गाहरु<br>३. फार्का क्षेत्र भित्रका जग्गाहरु<br>४. लुजुङ क्षेत्रका जग्गाहरु<br>५. चाला गाँउको आवासिय क्षेत्रबाहेकको सबै क्षेत्र | |
| | २ | आवासीय क्षेत्र | १. याल्वाङ गाँउ(पुर्वमा ख्यामछिरि,पश्चिममा टोलुङवा,उत्तरमा याल्वाङ सामुदायींक भवन,दक्षिणमा टार)<br>२. याङगार गाँउ(पुर्वमा टङ्नी,पश्चिममा तम्टुङसा,दक्षिणमा परि,उत्तरमा खार्चुङ)<br>३. चाला गाँउ(पुर्वमा स्यार्का,पश्चिममा घुँरी,दक्षिणमा हाराप,उत्तरमा कोरोल)<br>४. खार्जोङ(पुर्वमा लुङबा,पश्चिममा हावा खोला,दक्षिणमा याङगार गाँउ,उत्तरमा मेन रोड)<br>५. फुङमुचे(पुर्वमा लुङजुङ खोला,पश्चिममा जिखाँ,दक्षिणमा पेरिङमा,उत्तरमा स्यारु) | |
| | ३ | व्यवसायीक क्षेत्र | १. हावा खोला देखि भालु खोला सम्म सडकको दायाँ बाँया ५० मि. सम्म<br>२. रिङमु देखि तार्वा सम्मको सडको दाँया बाँया २५ मि. सम्म | |
| ४ | ४ | औद्योगिक क्षेत्र | याल्वाङ चैर | |



प्रेम बहादुर लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | ५ | खानी तथा खनिज क्षेत्र | १. च्याछुइकु बालुवा खानि | |
| | ६ | वन क्षेत्र | **<u>कबुलियत वनः</u>**<br>१. स्याङमा<br>२. गँगा | |
| | ७ | नदी,खोला,ताल, सीमसार क्षेत्र | १. कर्णाली नदी<br>२. हावा खोला<br>३. लुङजोङ खोला<br>४. पुँया खोला<br>५. काइराङ खोला<br>६. फुर्पाका ताल<br>७. टाकार ताल<br>८. नाजक ताल | |
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | **<u>विद्यालयहरुः-</u>**<br>१. महाबौद्ध मा.वि, याल्वाङ<br>२. नाम्खा ख्यूङजोङ महामय आ.वि, याल्वाङ<br>३. हिमालय प्रा.वि, चाला<br>**<u>बाटो हरु-</u>**<br>१. मुल बाटो(आसीकार्ना देखि इलिङ सम्म मो.बा)<br>२. महाबौद्ध विद्यालय देखि गेरिङ पानी सम्म<br>३. भालु खोला देखि याल्बाङ गाँउ सम्म मो.वा<br>४. आसिकार्ना देखि चाला गाँउसम्म गो.वा<br>५. भेरा देखि विद्यालय सम्म गो.वा<br>६. याल्बाङ देखि लुङजुङ खोला हुदै होस्टेल सम्म बाटो<br>७. याल्बाङ गाँउ देखि पुँया सम्म घो.बा<br>८. पुँया देखि चाला गाँउ सम्म घो.बा<br>९. मुल बाटो देखि गाँउपालिका सम्म मो.बा<br>१०. मुल बाटो देखि आनी गुम्बा सम्म मो.बा<br>११. मुल बाटो देखि हस्पिटल सम्म मो.बा<br>१२. याल्बाङ देखि पुङबुचे सम्म घो.बा<br>१३. याङगार देखि खार्चुङ सम्म घो.बा<br>१४. स्यार्रख्याङ देखि याङगार गाँउ सम्म घो.बा<br>१५. महाबौद्ध मा.वि देखि हेलिप्याड सम्म जाने मो.बा<br>१६. इलिङ टावर सम्म मो .बा<br>१७. मुल बाटो देखि याल्बाङ चौर सम्म मो.बा<br>१८. विद्यालय देखि जारा वासा सम्म मो.बा<br>१९. डोङ्सेस देखी हस्पिटक जाने मोटर बाटो<br>२०. सल्लि खोला देखि चाला हुदै सैपाल हिमाल सम्म पदमार्ग<br>२१. याल्वाङ बाट पुया, चाला हुदै सैपाल हिमाल सम्म पदमार्ग | |

| | | | | |
|---|---|---|---|---|
| | | | अन्य:<br>१. सैपाल हिमाल<br>२. सुचपाले हिमाल<br>३. सामुदायिक भवनहरु ( याल्वाङ, याङगार, चाला)<br>४. हस्पिटल,याल्वाङ<br>५. हेलीप्याड, याल्वाङ<br>६. चाला स्वास्थ्य इकाइ | |
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | मन्दिरहरू तथा गुम्बाहारू-<br>१. नाम्खा ख्यूङजोङ गुम्बा<br>२. साङगा छोइलिङ गुम्बा<br>३. साम्देलिङ गुम्बा<br>४. उर्केन साङगा छोइलिङ गुम्बा<br>५. याल्बाङ कोर्ट मन्दिर<br>६. टाँ गुम्बा | |
| | १० | नेपालसरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन | |
| ५ | १ | कृषि क्षेत्र | १. मुचु गाउँको आबसिय क्षेत्रबाहेकको सबै कृषि योग्य क्षेत्र<br>२. तुम्कोट गाउँको आबसिय क्षेत्रबाहेकको सबै कृषि योग्य क्षेत्र<br>३. यारी गाँउको आवासिय क्षेत्रबाहेकको सबै कृषि योग्य क्षेत्र<br>४. ङ्याम गाँउको आवासिय क्षेत्रबाहेकको सबै कृषि योग्य क्षेत्र<br>५. र बर्गीकरण गरेर बचेका सम्पूर्ण खेतियोग्य व्यक्तिगत जमिन | |
| | २ | आवासीय क्षेत्र | १. ङ्याम गाँउजाने मुल बाटोको दाँया ४०-बाँया २० मिटर।<br>२. राजमार्ग देखी यारी गाँउ जाने सम्म सडकको दाँया-बाँया ४० मिटर।<br>३. लोङ्गोइ गाँउ, गुम्बा गाँउ र मुचु गाँउको पुरानो घर भएको सम्पुर्ण ब्यक्तिगत जग्गाहरु<br>१. तुम्कोट गाँउ जाने बाटोको बाँया पट्टिका सम्पुर्ण ब्यक्तिगत जग्गाहरु | |
| | ३ | व्यवसायीक क्षेत्र | १. हिल्साको सम्पुर्ण क्षेत्र।<br>२. झिङझेन चैरको सम्पुर्ण ब्यक्तिगत जग्गाहरु।<br>३. कुम्का च्याङग लुम्बा देखी ले:म ओम्पो सम्म सडकको दाँया-बाँया ३० मिटर।<br>४. ताकपुछे खोला देखी सिइरिक कुलो सम्म सडकको दाँया-बाँया २० मिटर। | |
| | ४ | औद्योगिक क्षेत्र | १. बुमुछे र च्याङमाले बगर(तुम्कोट खेला)<br>२. लेनाङ लाप्चेको चैर क्षेत्र | |
| | ५ | खानी तथा खनिज क्षेत्र | १. फारमानाङ बालुवा खानि, मुचु<br>२. खरी खानी पानी पाल्वाङ, मुचु<br>३. कोइला खानि, टौमार्पो डाँडा | |



प्रेम बहादुर लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | ६ | वन क्षेत्र | **सामुदायिक वनः**<br>१. री उर्गेन वन, मुचु<br>२. तराजु वन ,मुचु<br>३. स्यायोङमा वन, तुम्कोट | |
| | ७ | नदी,खोला,ताल, सीमसार क्षेत्र | १. कर्णाली नदी, मुचु<br>२. गर्सा खोला, मुचु<br>३. टाकपुछे खोला , मुचु<br>४. छुरालुङपा खोला, मुचु<br>५. च्याङमाले खोला ,मुचु<br>६. बुमुछे खोला, मुचु<br>७. पेराङ खोला ,तुम्कोट<br>८. ढिप खोला, यारी<br>९. छुरालुङपा , यारी<br>१०. याङसी खोला ,यारी<br>११. उसटाङ खोला, यारी<br>१२. जिङजेन खोला, यारी<br>१३. खिरपानी खोला, तुम्कोट<br>१४. चोरोमजेन खेला, तुम्कोट | |
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | **विधालयहरुः-**<br>१.खासर पानी प्रा.वि, मुचु<br>२.अरनिको प्रा.वि, यारी<br>३.खिरपानी प्रा.वि, तुम्कोट<br>**बाटो हरु-**<br>१. मुल बाटो ट्याक्याप देखि तुम्कोट बगर सम्म मोटर बाटो।<br>२. किमिटुङ-गाप्पा देखि जिङजेन चौर सम्म मोटर बाटो।<br>३. मुचु गाँउदेखि सोमजोम सम्म गो.वा।<br>४. मुचु गाँउदेखि देखि पुँया लाग्ना सम्म गो.वा।<br>५. याङसी देखि ढोपेन सम्म गो.वा।<br>६. यारी देखि याङसी गुम्बा सम्म मोटर बाटो।<br>७. तुम्कोट गाँउ देखि लाइदिङ सम्म घो.बा।<br>८. लाइदिङ देखि थेउ सम्म घो.बा।<br>९. मुचु गाउँ देखि पुटिले सम्म मो.बा।<br>१०. छोरदेन लाओ देखि हुलदिङ सम्म मो.बा।<br>११. मुचु देखि पुया,चाला हुदै सैपाल हिमाल सम्मको पदमार्ग।<br>१२. याङ्सि गुम्मा बाट टौफान हुदै सैपाल हिमाल सम्मको पदमार्ग।<br>१३. हिल्सा देखि किट सम्म मोटर बाटो।<br>**अन्यः**<br>१. सामुदायिक भवन, यारी<br>२. सामुदायिक भवन, तुम्कोट | |



प्रेम बहादुर लामा
अध्यक्ष

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | | ३. सामुदायिक भवन, मुचु<br>४. यारी दहदेखि भ्यागुता पानीसम्म सुख्खा बन्दरगाह<br>५. कुकारथाङ वडा कार्यलय, मुचु<br>६. स्वास्थ इकाइ ,यारी<br>७. स्वास्थ चौकी ,मुचु<br>८. प्रहरी चौकी, (हिल्सा, यारी,मुचु)<br>९. भन्सार कार्यालय<br>१०. अध्यागमन कार्यालय | |
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | <u>गुम्बा तथा मन्दिरहरू:-</u><br>१. हिकिम गुम्बा, मुचु<br>२. कुतुङ गुम्बा, मुचु<br>३. तुङगार छोइजोम गुम्बा ,तुम्कोट<br>४. खासरपानी गुम्बा , मुचु<br>५. लासा छोरदेन मुचु<br>६. पुरकाङ मुचु<br>७. टुइला लासा, पुरकाङ<br>८. छो रिन्पोन्छे श्याब्जे छोरदेन, मुचु<br>९. याङसी गुम्बा ,यारी<br>१०. छो कारथोक गुम्बा, यारी<br>११. लोङगोइ गुम्बा, यारी<br>१२. ठादेन छोरदेन ,यारी<br>१३. लोगोइ लुमेत छोरदेन ,यारी<br>१४. छोरदेन लाओ ,तुम्कोट<br>१५. सरचि भुम्पा छोरदेन ,तुम्कोट<br>१६. गाल्देन छोरदेन सरचि भुम्पा, मुचु<br>१७. बुमुछ्याकपो छोरदेन ,तुम्कोट | |
| | १० | नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन | |
| ६ | १ | कृषि क्षेत्र | आवासिय र व्यवसायीक क्षेत्रमा बर्गिकरण गरेर बचेका सम्पुर्ण खेति योग्य ब्यक्तिगत जमिन। | |
| | २ | आवासीय क्षेत्र | १. हाल्जी गाउँ, जाङ गाँउ, र तिँल गाँउको पुरानो घर भएको सम्पुर्ण ब्यक्तिगत जगाहरु। | |
| | ३ | व्यवसायीक क्षेत्र | १. तुम्लिङ, टाक्ची र छाम्जोक बजार क्षेत्र<br>२. ललुङ क्षेत्र<br>३. लिमी लाप्चा क्षेत्र<br>४. हिल्सा पारीको क्षेत्र | |
| | ४ | औद्योगिक क्षेत्र | छैन | |

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याल्वाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | ५ | खानी तथा खनिज क्षेत्र | १. सुन खानी, हल्जी<br>२. तातोपानी क्षेत्र, छुर्कु<br>३. तलुङ वेकाङछेन वालुवा खानी, तलुङ<br>४. स्लेट ढुङ्गा खानी,टाक्तोङ्ग | |
| | ६ | वन क्षेत्र | राष्ट्रिय वन | |
| | ७ | नदी,खोला,ताल, सीमसार क्षेत्र | **खोलाः**<br>१. च्याक्पालुङ खोला<br>२. घ्याँउ खोला<br>३. स्याँक्या खोला<br>४. राकरु खोला<br>५. निङ्ग खोला<br>६. कर्णाली नदी<br>७. मर्कुई खोला<br>८. तलुङ खोला<br>९. तिँल खोला<br>१०.हल्जी खोला<br>११.आर्ताङ खोला<br>१२.टाक्ची खोला<br>**तालः**<br>१. शिव कुण्ड<br>२. पार्वती कुण्ड<br>३. भुमी कुण्ड<br>४. तुलुङ ताल<br>५. छो लोम्कोय्क ताल<br>६. किल्टुङ्ला ताल<br>७. ताक्को ताल<br>८. नम्दिङ ताल<br>९. ढुङरिवा ताल<br>१०.डाङके ताल<br>११.छुङ्वुर ताल<br>१२.शेर ताल<br>१३. छो गाला ताल<br>१४. छो जाङ्गु ताल<br>१५. छो नक्रु ताल<br>१६. छो साजाम ताल | |



प्रेम बहादुर लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | <u>विधालयहरुः-</u><br>६. श्री भृकुटी प्रा. बि., जाङ<br>७. श्री हिम शिखर प्रा. वि., तिँल<br>८. श्री सुनखानी प्रा. वि., हल्जी<br><u>सामुदायीक भवनः</u><br>२. हल्जी सामुदायिक भवन<br>३. तिँल सामुदायिक भवन<br>४. जाङ सामुदायिक भवन<br><u>बाटोहरुः</u><br>१५. हिल्सा बाट तिँल हुदै हल्जी, जाङ, तुम्लिङ देखी लिमि लाप्चा मोटर बाटो।<br>१६. न्यालु लेख बाट तातोपानी, टाक्चे हुदै लिमि-लाप्चा सम्म मोटर बाटो।<br>१७. छुक्रङम देखि च्यासे नाङ्गाजोङ गुफा हुदै च्ङ्लुङ म सम्म पर्यटकिय पदमार्ग।<br>१८. तिँल देखि मन्दुन हिमाल सम्म पर्यटकिय पदमार्ग।<br>१९. हल्जी बाट ताक्को ताल, छो गाला ताल हुदै लिमी लाप्चा सम्म पर्यटकिय पदमार्ग।<br>२०. न्यालु लेख बाट तलुङ ताल, श्याउक कुना, टाक्चे हुदै लिमि-लाप्चा पर्यटकिय पदमार्ग।<br>२१. झिर्चु देखी च्याउलातिङफुक गुफा सम्मको पदमार्ग।<br><u>स्वास्थ्यः</u><br>१. स्वास्थ्य चौकी, हल्जी र जाङ | |
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | <u>गुम्बा तथा मन्दिरः</u><br>१. हल्जी थुक्तेन रिनजिनलिङ गुम्बा, हल्जी<br>२. तिँल कुनजोम गुम्बा, तिँल<br>३. जाङ फेलगेलिङ गुम्बा, जाङ<br>४. च्यासे नाङ्गाजोङ गुफा,<br>५. डुम्फुक गुम्बा, जाङ<br>६. च्याउलादिङफुक गुफा, हल्जी<br>७. च्योमानी गुम्बा, हल्जी<br><u>अन्य</u><br>१. कैलाश-मानसरोवर दर्शन हुने क्षेत्र, लिमी-लाप्चा क्षेत्र | |
| | १० | नेपाल सरकार बाट आवश्यकता | छैन | |



प्रेम बहादुर लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | अनुसार तोकिएको क्षेत्र | | |

१९) **मापदण्डको संशोधनः** भूउपयोग परिषद्को सिफारिसमा (नाम्खा) गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२०) **बाधा अड्काउः** यस मापदण्ड कार्यान्वयनमा कुनै समस्या आएमा भूउपयोग परिपद्ले बाधा अड्काउ फुकाउन सक्नेछ ।

*******

प्रेम बहादुर लामा
अध्यक्ष